# हाम्रो सिद्धिचरण नगरपालिका

# कक्षा-२


**प्रमुख सल्लाहकारः**
बलराम लम्साल
(प्रमुख प्रशासकीय अधिकृत)

**सल्लाहकारः**
फणिन्द्र बहादुर कटवाल
शाखा प्रमुख
(शिक्षा युवा तथा खेलकुद शाखा)

डिल्लीराम कार्की
माध्यमिक शिक्षक प्रथम श्रेणी
(सगरमाथा जनता मा.वि., ओखलढुङ्गा)

**लेखन तथा सम्पादन**
चोपलाल धमला
काशीराज कोईराला
पिताम्बर दाहाल

**प्राविधिक सहयोग**
नारायण गोपाल ढकाल
प्रा.स. (शिक्षा युवा तथा खेलकुद शाखा)



प्रकाशकः
**सिद्धिचरण नगरपालिका**
नगर कार्यपालिकाको कार्यालय
शिक्षा, युवा तथा खेलकुद शाखा
ओखलढुंगा
कोशी प्रदेश, नेपाल

# हाम्रो भनाइ

स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयन मार्गदर्शन २०७६ ले कक्षा १ देखि कक्षा ८ सम्म स्थानीय सरोकारवालाको संलग्नतामा स्थानीयतहलाई पाठ्यक्रम विकास गरी कार्यान्वयन गर्ने अधिकार प्रदान गरेको छ । नेपालको संविधानको अनुसूची ८ मा आधारभूत र माध्यमिक शिक्षा सम्बन्धी स्थानीयतहको अधिकार रहने व्यवस्था रहेको छ । यही व्यवस्था अनुरुप यस सिद्धिचरण नगरपालिकाले पनि आफ्नो अधिकार र कर्तव्य बोध गरी वि.सं. २०७९ सालमा **"हाम्रो सिद्धिचरण नगरपालिका"** नामक स्थानीय पाठ्यक्रम निर्माण गरी शैक्षिक सत्र २०७९ देखि नै कक्षा १-८ मा कार्यान्वयन माल्याएको छ । उक्त पाठ्यक्रममा आधारित भई शैक्षिक सत्र २०८० देखि प्रयोगमा ल्याउने गरी यो पाठ्यपुस्तक तयार गरिएको छ ।

प्रस्तुत पाठ्यपुस्तक सिद्धिचरण नगरपालिकाद्वारा तयार पारिएको स्थानीय पाठ्यक्रम २०७९ का विषयवस्तु, क्षेत्र र क्रममा आधारित रहेर निर्माण गरिएको छ । यस पाठ्यपुस्तकमा स्थानीय पुरातात्विक, ऐतिहासिक, सामाजिक, सांस्कृतिक, धार्मिक पर्यटकीय स्थलहरू तथा सेरोफेरोका महत्वपूर्ण स्थल एवं विषयवस्तुहरू समावेश गरिएको छ । यस पाठ्यपुस्तकमा केन्द्रीय पाठ्यक्रमले समेट्न नसकेका र स्थानीय आवश्यकताको आधारमा स्थानीय विषयवस्तुलाई समावेश गरिएको छ । यसमा धार्मिक, सांस्कृतिक विविधता भित्रको एकता, सिद्धिचरण नगरपालिका भित्रको पर्यटकीय सौन्दर्यलाई विषयवस्तु भित्र समेटिएको छ । सिद्धिचरण नगरपालिका अन्तर्गतका विद्यालयहरूबाट आधारभूत तह उत्तीर्ण गरेका विद्यार्थीले आन्तरिक वाबाह्य पर्यटकहरूलाई मार्गदर्शन गर्न सक्ने पाठ्यक्रमको अपेक्षालाई यस पाठ्यपुस्तकले समेटेको छ ।

पाठ्यपुस्तकमा बालबालिकाको उमेर, कक्षा र तहगत सिकाइस्तर फरक हुने हुनाले यस पक्षमा पनि ध्यान पुऱ्याइएको छ । पाठ्यक्रम तथा पाठ्यपुस्तक परिवर्तन निरन्तर प्रक्रिया भएकाले आगामी दिनमा सरोकारवाला निकाय, शिक्षक, विद्यार्थी, अभिभावक, पाठक र विद्वानहरूबाट प्राप्त रचनात्मक सुझावका आधारमा परिमार्जन गर्दै लगिनेछ । यसलाई क्रियाकलापमुखी र विद्यार्थी केन्द्रित बनाउने, रङ्गीन चित्र राख्ने र सिर्जनात्मक क्षमता वृद्धि गर्ने खालका अभ्यास सामग्री समेट्ने तथा आवश्यकता अनुसार शिक्षण निर्देशन दिइएको छ । यस पुस्तकमा क्रियाकलाप अर्न्तगत रहेका सामूहिक क्रियाकलाप तथा सिर्जना र परियोजना अर्न्तगतका निर्देशन अनुसार विविध कार्य गरी विद्यार्थीलाई शिक्षण गराउनु आवश्यक रहेको छ ।

पाठ्यपुस्तक शिक्षण सिकाइको महत्वपूर्ण साधन हो । यसबाट विद्यार्थीले पाठ्यक्रम द्वारा लक्षित सक्षमता हासिल गर्न मद्दत पुग्दछ । त्यसैले यस पाठ्यपुस्तकलाई सकेसम्म क्रियाकलापमुखी र रुचिकर बनाउने प्रयत्न गरिएको छ । प्रस्तुत पाठ्यपुस्तकमा सिद्धिचरण नगरपालिकाको सेरोफेरो, पर्यटकीय स्थलहरू, हाम्रो संस्कृति, हाम्रो आस्था, भेषभुषा लगायतका विषयवस्तुहरूलाई कक्षागत स्तरका आधारमा क्रमशः समेटिएको छ । प्रस्तुत पाठ्यपुस्तक तयार गर्ने क्रममा नगरपालिकाबाट विभिन्न समयमा प्रकाशित स्मारिका, वेभसाइट, स्थानीय विज्ञजन आदिलाई सामग्रीको स्रोतका रूपमा उपयोग गरिएको छ । जस जसका सामग्रीलाई स्रोतका रूपमा लिइएको छ, उहाँहरू धन्यवादका पात्र हुनुहुन्छ ।

अन्त्यमा यो पाठ्यसामाग्रीलाई सहयोगी सामाग्रीको रुपमा प्रयोग गर्नका साथै पाठ्यसामाग्रीमा भएका त्रुटीहरू औंल्याईदिनु भई रचनात्मक सुझावको अपेक्षा गरिएको छ ।

# विषय सूची | पृष्ठ संख्या


| | |
|---|---|
| मेरो घर | १ |
| मेरो परिवार | ५ |
| हाम्रो छिमेकी | ८ |
| हाम्रो विद्यालय र अभिभावक दिवस | ११ |
| रोपाईं जात्रा | १४ |
| हाम्रा चाड पर्वहरू | १७ |
| हाम्रो लोक बाजा | २१ |
| हाम्रो पोसाक | २४ |
| हाम्रा रितिरिवाज | २९ |
| स्थानीय भाषा | ३३ |
| नेवारी खाद्य परिकार | ३६ |
| झण्डा फरर | ४० |
| हाम्रा औजारहरू | ४३ |
| ज्यामिरे गाउँको कथा | ४७ |
| लगलगे क्षेत्र | ५० |
| राडीपाखी | ५३ |

# पाठ १
# मेरो घर

## १.तलका चित्र हेर्नुहोस र छलफल गर्नुहोस् ।




## २. तलका प्रश्नहरूबारे कक्षामा छलफल गर्नुहोस् ।

क) माथि दिएका चित्र के को हो ? पत्ता लगाउनुहोस ।

ख) माथि दिएको चित्रको छानामा भएको फरक छलफल गर्नुहोस ।

ग) तपाईं वस्ने घरको छाना के को छ ?

## ३.तलको पाठ पढ्नुहोस र दिइएका क्रियाकलाप गर्नुहोस् ।

मेरो नाम राजु मगर हो । माथि चित्रमा देखाइएका घर मेरा हुन् । मेरो घर गाउँमा छन् । मेरो एउटा घरको छाना ढुङ्गाले छाएको छ । मेरो अर्को घरको छाना खरले छाएको छ । दुबै घर ढुङ्गा माटोबाट बनेका छन् । मेरा घर सुन्दर छन । घरको अगाडि आँगन छ । घरको नजिकै गाई भैंसीको गोठ छ । घर वरिपरि खेतबारी छ । मेरा बुबाआमा खेतबारीमा काम गर्नुहुन्छ ।





मेरो नाम आकृती धमला हो । यी मेरा घर हुन् । मेरा दुईवटा घर छन । मेरा घरहरू सहरमा छन् । मेरा घरहरू इटाबाट बनेका छन् । घरको छाना ढलान गरेको छ । मेरा घर सफासुग्घर छन । घरहरूको विचमा बाटो छ । घर वरिपरी छिमेकीका घरहरू पनि छन । घर नजिकै बजार छ । मेरो बुबा पसलमा काम गर्नुहुन्छ ।



**४. छलफल गरौं र पालैपालो भनौं ।**


क) तपाईंको नाम के हो ?

ख) तपाईंको घर कहाँ पर्छ ?

ग) तपाईंको घर केबाट बनेको छ ?

घ) तपाईंको  बुवा के काम गर्नुहुन्छ  ?

**५. तलको नक्सा हेर्नुहोस तपाईं बसोबास गरेको वडा नंम्बर घर भएको ठाउँ शिक्षकको सहायतामा लेख्नुहोस् ।**



| म बसेको वडा नम्बर | मेरो घर भएको टोल |
| --- | --- |
| | |

**६. तल दिइएका शब्दहरू राम्रा अक्षरमा लेख्नुहोस् ।**

नाम, थर, गाउँ, सहर, घर, खेतबारी, बजार, आँगन, बाटो, पसल

**७. तपाईंका साथीहरूको नाम र घरको,गाउँ टोलको नाम पालै पालो सोध्नुहोस् । भन्न नसक्ने साथीलाई पनि सिकाइ दिनुहोस् ।**

**८. तपाईं उठेर हात जोड्दै साथीहरूलाई आफ्नो नाम गाउँ, टोल पालै पालो भन्नुहोस् ।**



नमस्कार !
मेरो नाम रोहित राई हो ।
मेरो घर बर्णालु हो ।
स्कुल देखि अलिपर बाटो तल पर्छ ।
नमस्कार ! मेरो नाम ........................................................ ।
मेरो घर ..................................................................हो ।
नमस्कार ! मेरो नाम ........................................................ ।
मेरो घर ..................................................................हो ।

**९. परियोजना कार्य**

क) कक्षाका साथीहरुबिचमा आफ्नो टोलमा रहेका घरहरू के कस्ता रहेका छन् ?उक्त घरहरूको बारेमा आपसमा छलफल गर्नुहोस् ।

ख) तपाईंको आफ्नो घर कस्तो रहेको छ ? सो घरको चित्र बनाउनुहोस् र कक्षामा प्रदर्शन गर्नुहोस् ।

ग) तलदिइएको घरहरूमध्ये तपाईलाई मन पर्ने कुनै एक घरको चित्रमा रंग लगाउँनुहोस् ।






# पाठ २

# मेरो परिवार

## १.तलको तस्विरहरूहेर्नुहोस र छलफल गर्नुहोस् ।



## २.तलका प्रश्नहरूबारे कक्षामा छलफल गरी उत्तर लेख्नुहोस् ।

क)तपाईंको परिवारमा को को हुनुहुन्छ ?

ख) माथिको चित्रमा दिइएको परिवार र तपाईंको परिवार कुन ठूलो छ ?

## ३. तलको पाठ पढ्नुहोस र दिइएका क्रियाकलाप गर्नुहोस् ।

नमस्कार साथीहरू आज म मेरो परिवारको बारेमा बताउछु ।



मेरो नाम सृष्टि नेपाली हो । माथि देखाइएको चित्र मेरो परिवारको हो । मेरो घरमा हजुरबा, हजुरआमा हुनुहुन्छ । मेरो बुबा र आमा हुनुहुन्छ । मेरो एक जना दाजु, एक जना दिदी हुनुहुन्छ । एउटा सानो मायालु भाइ छ । काका काकी पनि सगैं वस्नुहुन्छ । हाम्रो घरमा धेरै जना हुनुहुन्छ । मलाई सबैले माया गर्नुहुन्छ ।



नमस्कार साथीहरू मेरो नाम विजयमणि कटवाल हो । म पनि मेरो परिवारको बारेमा बताउछु । मेरो बुबाको नाम उमेश कुमार कटवाल हो , मेरो आमाको नाम सर्मिला कटवाल हो । मेरा बुबा आमा बिद्यालयमा पढाउने काम गर्नुहुन्छ । मेरी एउटा दिदी हुनुहुन्छ । सानी बहिनी पनि छन् । दिदीको नाम विमला कटवाल हो । दिदी ३ कक्षामा पढ्नुहुन्छ । बहिनी बाल कक्षामा पढ्छिन्, मलाई पनि सबैले माया गर्नुहुन्छ ।

**४. तपाईं पनि उठेर तपाईंका शिक्षक र साथीहरूलाई आफ्नो परिवारको बारेमा बताउनुहोस् ।**

क) मेरा बुबाको नाम ...............................................हो ।

ख) मेरी आमाको नाम ...............................................हो ।


ग) मेरा दाजुको नाम ...............................................हो ।

घ) मेरी दिदीको नाम ...............................................हो ।

**५.हजुरबाको हजुरआमा भएजस्तै तलदिइएको नातासम्बन्ध बुझाउने शब्दको जोडा मिलाउनुहोस् ।**

| **समूह क** | **समूह ख** |
|---|---|
| बुबा | दिदी |
| भिनाजु | आमा |
| काका | भाउजू |
| मामा | काकी |
| दाजु | माईजू |

## ६. तपाईंको घरमा को को हुनुहुन्छ ? पढौं र साथीहरूलाई सुनाऔं ।




## ७.परियोजना कार्य

१. तपाईंले आफ्नो परिवारमा रहेका सम्पूर्ण सदस्यहरूको नाम कापीमा लेखी कक्षामा शिक्षक र साथीहरूहरूलाई सुनाउनुहोस । जस्तैः

क) हजुरआमाको नाम ............................................................

ख) हजुरवाको नाम ..................................................................

ग) बुबाको नाम .......................................................................

घ) आमाको नाम .....................................................................

# पाठ ३
# हाम्रो छिमेकी

## १.तलका तस्बिर हेरी छलफल गर्नुहोस् ।



## २ तलका प्रश्नहरूबारे कक्षामा छलफल गर्नुहोस् ।

क) माथिको चित्रमा के के देख्नु भयो ? साथी सँग छलफल गर्नुहोस् ।

ख) तपाईंको घर कस्तो ठाँउमा रहेको छ ? साथी सँग छलफल गर्नुहोस् ।

ग) तपाईंको घर रहेको टोलको नाम के हो ?

## ३. तलका पाठ पढ्नुहोस र दिइएका क्रियाकलाप गर्नुहोस् ।

अञ्जना श्रेष्ठ सिद्धिचरण नगरपालिका वडा नं. ९ ज्यामिरेमा बस्नुहुन्छ । उहाँ बसेको ठाँउलाई गहते भनिन्छ । उहाँ बसेको ठाँउ वरिपरि खेतबारी रहेको छ । उहाँका धेरै छिमेकीहरू हुनुहुन्छ । हाम्रो वरिपरिका घरमा बस्ने सबै मानिसहरू हाम्रा छिमेकी हुनुहुन्छ । अञ्जनाका छिमेकीहरू विभिन्न पेशा गर्नुहुन्छ । उनीहरू मध्ये धरैजसो छिमेकी खेतीपाती तथा पशुपालन गर्नुहन्छ । कोही छिमेकी व्यापारी, कोही छिमेकी जागिरे हुनुहुन्छ भने कोही छिमेकी स्कुलमा पढाउनुहुन्छ । कोही समाज सेवा पनि गर्नुहुन्छ । शिक्षण गर्ने मानिसलाई शिक्षक भनिन्छ ।

समाजको सेवा गर्नेलाई समाजसेवी भनिन्छ । समाजमा धेरै पेशा गर्ने मानिसहरू छिमेकीका रुपमा मिलेर बसेको पाइन्छ । अञ्जनाले आफ्ना छिमेकीहरूलाई आदर गर्नुहुन्छ भने छिमेकीहरू पनि उहाँलाई माया गर्नुहुन्छ । सबै छिमिकीहरु मिलेर बाटो बनाउने, कुलो बनाउने जस्ता काम गर्नुहन्छ । सम्पन्न गर्नुहुन्छ ।

## ४.दिइएको घटना अध्ययन गर्नुहोस ।

एक दिन छिमेकीको घरमा नमिठो घटना घट्यो । छिमेकी अर्जुन काकाको छोरो दुर्गा दाइ लाउरी भैंसीलाई रुखको घाँस झार्न जादा रुखबाट तल खस्नु भएछ । दुर्गा दाइ लडेर घाइते हुनु भयो, उहाँको खुट्टा पनि भाचिएछ । त्यस अवस्थामा अर्जुन काकाले छिमेकीसगँ सहयोग माग्नुभयो । सबै जना छिमेकी आएर घाइते दुर्गा दाइलाई अस्पताल लानुभयो । छिमेकीको सहयोग नभएको भए दुर्गा दाइलाई अस्पताल पुऱ्याउन कठिन हुन्थ्यो । छिमेकीको सहयोगले दुर्गा दाइलाई सजिलै अस्पताल पुऱ्याएर बचाउन सकियो । घरमा केही अप्ठेरो पर्दा छिमेकीको सहयोग लिनु पर्छ । हामीले पनि छिमेकीलाई सहयोग गर्नुपर्छ ।



## ५. तलको कविता पालै पालो पढ्नुहोस्

छिमेकी र नातेदार

गरौ राम्रो व्यवहार

शिष्टाचार सत्कार

देखाऊँ हाम्रो संस्कार

## ६. तलका प्रश्नको उत्तर दिनुहोस् ।ः

क) समाजसेवा गर्ने मानिसलाई के भनिन्छ ?
ख) शिक्षण पेशा कसले गर्छ ?
ग) तपाईंको आफ्नो सबभन्दा नजिकको छिमेकीको नाम र पेशा भन्नुहोस्
घ) तपाईंको परिवारका सदस्यहरू के के काम गर्नुहुन्छ ?

## ७. खाली ठाउँमा कोष्ठक भित्र रहेका शब्दबाट मिल्ने शब्द छानेर भर्नुहोस् ।

क) हाम्रो वरिपरका घरमा बस्ने सबै मानिसहरू हाम्रा ...........हुनुहुन्छ ।
(प्रदेशी/छिमेकी)
ख) हामीले आफ्ना छिमेकीहरूलाई ...........गर्नुपर्छ । (आदर/इन्कार)
ग) मानिस घाइते तथा बिमारी हुदा ................जानुपर्छ ।
घर/अस्पताल)
घ) हामीलाई छिमेकी ........................। (चाहिन्छ/ चाहिदैन)

## ८.परियोजना कार्य

क) तलको चित्रमा मानिसहरू के के गरिरहेका छन् बताउनुहोस् । तपाईंहरूको छिमेकमा यसरी मिलेर के के काम गरिन्छ साथीहरूसँग कुराकानी गर्नुहोस् ।



# पाठ ४
# हाम्रो विद्यालय र अभिभावक दिवस

## १.तलको चित्र हेर्नुहोस र छलफल गर्नुहोस् ।




## २.तलका प्रश्नहरूबारे कक्षामा छलफल गर्नुहोस् ।

क) माथि दिइएको चित्र अभिभावक भेलाको हो । तपाईंको विद्यालयमा पनि अभिभावक भेला भएको छ ? छलफल गर्नुहोस् ।

ख) विद्यालयको कार्यक्रममा तपाईंको अभिभावकलाई लिएर विद्यालय जानुभएको छ ?

## ३.तलको पाठ पढ्नुहोस र दिइएका क्रियाकलाप गर्नुहोस् ।

मेरो नाम रचना खड्का हो ।म कक्षा २ मा पढ्छु । म पढ्ने विद्यालयको नाम कुन्ता माध्यमिक विद्यालय ज्यामिरे हो । हाम्रो विद्यालयको स्थपना वि. सं. २०१६ सालमा भएको हो । विद्यालयको स्थपना भएको दिन अभिभावक दिवस मनाउने चलन छ । अभिभावक दिवसका दिन म मेरा बुबा आमा पनि विद्यालय लिएर जान्छु । बुबाआमा  हामीसँगै विद्यालय गएको दिन हाम्रो कितावको झोला पनि बोकिदिनुहुन्छ ।




मेरा साथीहरूले पनि बुबाआमा लिएर आउनुहुन्छ । विद्यालयमा अभिभावक दिवसका दिन रमाईलो हुन्छ । अभिभाबक दिवसका दिन नाचगान पनि हुन्छ । अभिभावक दिवसका दिन मेरा साथीहरू सुसन, नेसन, निर्जला, नेहाले गीत गाउनु भयो । म र आकृति नाच्यौं र हाजिरी जवाफ, घैटो फुटाउने र शुभकामना दिने कार्यक्रम भए । हाम्रो विद्यालयको अभिभावक दिवसको उद्घाटन नगर प्रमुखले गर्नु भयो । हाम्रो विद्यालयका प्रधानाध्यापकले स्वागत मन्तव्य दिनुभयो ।

## ४. छलफल गरौं र पालैपालो भनौं ।

क) तपाईंको नाम के हो ?

ख) तपाईं पढ्ने विद्यालयको नाम के हो ?

ग) तपाईं कति कक्षामा पढ्नुहुन्छ ?

घ) तपाईंको विद्यालयका प्रधानाध्यापकको नाम के हो ?

**५.तपाईंको विद्यालयमा अभिभावक दिवस कहिले मनाउनुहुन्छ ? शिक्षकको सहयोगमा छलफल गर्नुहोस ।**

**६. तपाईंको विद्यालयमा अभिभाबक दिवसका दिन के के कार्यक्रम हुने गरेका छन् ? शिक्षकको सहयोगमा छलफल गरी कार्यको सूची बनाउनुहोस् ।**

**७. तल दिएका वाक्य पुरा गर्नुहोस् ।**

क) मेरो नाम ..........................हो ।

ख) मेरो विद्यालयको नाम .............................हो ।

ग) म कक्षा ....................................मा पढ्छु ।

घ) हाम्रो विद्यालयका प्रधानध्यापकको नाम .............................हो ।

**८. विद्यार्थीले माथिको पाठको एक अनुच्छेद कापीमा सार्नुहोस् र शिक्षकलाई देखाउनुहोस् ।**

**९. परियोजना कार्य**

क) अभिभाबक दिवसका दिन कुन कुन कार्यक्रममा सहभागी हुनु भएको छ साथीलाई सुनाउनुहोस् ।

ख) शिक्षकको सहयोगमा तपाईंको विद्यालयमा हुने कार्यक्रमहरू छलफल गर्नुहोस् ।

# पाठ ५
# रोपाईं जात्रा

## १. तलका तस्बिर हेर्नुहोस र छलफल गर्नुहोस् ।






## २. तलका प्रश्नहरूबारे कक्षामा छलफल गर्नुहोस्।

क) माथिको चित्रहरू कुन जात्राका हुन् ? साथीसँग छलफल गर्नुहोस् ।

ख) माथिको चित्रमा रोपाईं जात्रा, रामायण राधा, लाखेजात्रासगँ सम्बन्धित तस्बिर चिन्नुहोस् ।

## ३. तलको पाठ पढ्नुहोस र दिइएका क्रियाकलाप गर्नुहोस् ।

नमस्कार साथीहरू ! मेरो नाम मालती श्रेष्ठ हो । मेरो घर ओखलढुङ्गा बजारमा पर्छ । म नेवार समुदायमा बसोबास गर्छु । हाम्रो वजारको नेवार समुदायमा श्रेष्ठ राजभण्डारी, शाक्य, ताम्राकार, मास्के, जोशी, वज्रचार्य जस्ता धेरै थरिका मानिसहरूको बसोबास छ । वजारमा अन्य ब्राह्मण क्षेत्री, राई, तामाङ लगाएतका अन्य जातिका मानिसको पनि वसोवास रहेको छ । हामी

सबै थर र जातका मानिसहरू मिलेर  बसोबास गर्ने मानिसहरूको गणेश टोलमा जनहित गुठी रहेको छ । राम वजारमा वसोवास गर्ने मानिसहरूको पारस्पारिक सेवा गुठी रहेको छ । मानिसहरूलाई दुःख सुखमा मेला, पर्व जात्राका काममा सहयोग पुऱ्याउन गुठी बनेको हो ।

नेवारी समुदायले उहिलेदेखिनै रुपमा विभिन्न जात्राहरू चलाउँदै आएको छ । नेवारहरूको हिले जात्रा श्रावण महिनामा पर्ने घन्टाकर्णको दिनदेखि कृष्ण अष्टमीसम्म मनाइन्छ । हिले जात्राभित्र रोपाईं जात्रा, लाखेजात्रा, गाईजात्रा, रामायण, राधाकृष्ण रथ यात्रा  जस्ता महत्वपूर्ण जात्राहरू पर्दछन् । यी सवैजात्रा नेवार संस्कृतिवाट सुरु भएका हुन् ।

रोपाईं जात्रा ओखलढुङ्गा वजारमा पनि मनाईन्छ । रोपाईं जात्रा काम सकिएको खुसियालिमा गाई जात्राको भोली पल्ट ओखलढुङ्गा वजारका टोलटोलमा रोपाईं जात्रा मनाइन्छ । रोपाईं जात्रामा धान रोपेझैं गरी नाच्ने गाउँने गरिन्छ । रोपाईं जात्रा मनाउन वजारका मानिसहरू खेतालाहरूको रुपमा जम्मा भएर बाजागाजाका साथ असारे गित गाउदै धान रोप्दै नाच्दै र जोतेको अभिनय गर्दै रमाइलो गरी मनाउने चलन छ । रोपाईं जात्राका दिन म पढ्ने विद्यालय बालमन्दिर पनि बिदा हुन्छ ।

रोपाईं जात्रा हेर्न गाउँ देखिका मानिस आउने गर्छन । यसवाट गाउँ र वजारको सम्वन्ध पनि राम्रो बनेको छ । रोपाईं जात्राले नेवारी समुदायको परम्परालाई जोगाउन मद्दत गरेको छ ।

## ४. तल दिइएका प्रश्नको उत्तर भन्नुहोस् ।

क) रोपाईं जात्रा कुन समुदायमा मनाइन्छ ?

ख) नेवार समुदायमा मनाईने जात्रा जस्तै तपाईंको जाति तथा समुदायमा मनाईने जात्राहरू के के हुन ? नाम लेख्नुहोस:

ग) मालतीको टोलमा नेवार समुदायमा कुन कुन जात थरका मानिस वसोवास गर्छन ?

## २.तल दिएका शव्दहरू छानी खाली ठाउँमा भर्नुहोस

नेवार, रोपाईं जात्रा, धान, दुइ ओटा

क) ओखलढुङ्गा वजारमा नेवार समुदायमा .............गुठी रहेका छन ।

ख) हिले जात्रा भित्र.....................पर्दछ ।

ग) रोपाईं जात्रा....................संस्कृतिवाट सुरु भएको हो ।

घ) रोपाईं जात्रामा .............रोपे झै गरी नाच्ने गरिन्छ ।

## ३. पाठका आधारमा जोडा मिलाउनुहोस् ।

| समूह क | समूह ख |
|---|---|
| क)श्रेष्ठ राजभण्डारी | अ) जनहित गुठी |
| ख) गणेश टोलको गुठीको नाम | आ) रोपाईं जात्रा लाखे जात्रा |
| ग) राम वजारको गुठीको नाम | इ) नेवार समुदायको जाति |
| घ) हिले जात्रा भित्र पर्ने जात्रा | ई) हिले जात्रा |
| ङ) नेवारी संस्कृति जोगाउने जात्रा | उ) पारस्पारिक सेवा गुठी |

## ४. तपाईंले मनाएका तथा देखेका जात्राहरू के के हुन ? साथीहरूलाई सुनाउनुहोस् ।

## ५. तपाईंले घरका अभिभावक बुबा आमालाई सोधि आफ्ना टोल छिमेकमा मनाईने कुनै एउटा जात्रा वा पर्वको बारेमा कापीमा लेखेर शिक्षकलाई देखाउनुहोस ।

## परियोजना कार्य

१. तपाईंको समुदायमा कुन कुन जात्राहरू मनाईन्छ घर तथा दाइ दिदीसँग सहभागी हुनुहोस र जात्रामा भएका क्रियाकलापहरू अवलोकन गरी दाइ दिदीको सहयोगमा कापीमा तलदिएअनुसार टिपोट गर्नुहोस् ।

जात्राको नाम ..................

जात्रा मनाउने जाति .............................

जात्रा मनाईएको महिना .........................

जात्रा मनाउदा तपाईंले गर्नु भएका काम .....................

# पाठ ६
# हाम्रा चाड पर्वहरू

## १. तलको चित्र हेर्नुहोस र छलफल गर्नुहोस् ।













## २. तलका प्रश्नहरूबारे कक्षामा छलफल गर्नुहोस् ।

क) माथिदेखाइएको चित्रमा तपाईंले मनाउने चाडपर्व कुन हो ? पत्ता लगाउनुहोस ।

ख)माथिदेखाइएको चित्रमा गुरुङले मनाउने मुख्य चाडपर्व कुन हो ?

## ३. तलको पाठ पढ्नुहोस र दिइएका क्रियाकलाप गर्नुहोस् ।

हाम्रो नगरपालिकामा हामी दशै, तिहार, कातिके पूर्णिमा, हरितालिका, बुद्ध पूर्णिमा,देवाली, तमु ल्होसार, सोनाम ल्होसार, ग्याल्मो ल्होसार, उँभौली ,उँधौली छठ, लाखे जात्रा, गाईजात्रा, साउने सक्रान्ती, माघे सक्रान्ती, माघी पर्व, रत्यौली आदि विभिन्न चाडपर्वहरू मनाउछौं । चाडपर्वहरूमा मिठो खाने राम्रो लुगा लगाउने, नाचगान गर्ने, आफन्तहरू भेटघाट गर्ने काम गरिन्छ । हाम्रो कक्षामा पढ्ने साथीरोजिना गुरुङले तमु ल्होसार चाड मनाउछिन । यो तमु ल्होसार गुरुङ समुदायको चाड हो ।






रोजिना गुरुङले हामीलाई तमु ल्होसार चाडका दिनतमु ल्होसार मनाउन र रमाइलो हेर्न बोलाएको निम्ता मान्न हामी पनि रोजिना गुरुङको घर गयौं । हामी आएको देखेर रोजिना गुरुङ चिटिक्क परेर खुसी हुँदै घर बाहिर निस्किइन । तमु ल्होसारको दिन भएकोले उनी मात्र होइन गाउँका सबैजना घलेक लगाएर राम्रा देखिएका थिए । ल्होसारका दिन उनीहरू नजिकैको गुम्बामा गएर बुद्धको पूजा गर्दा रहेछन् । हामीलाईपनि रोजिनाले सगैं लगिन् । हामी पनि गुम्बा गयौं ।

तमु ल्होसारमा गुरुङहरूभेला भएर घटु तथा सोरठी परम्परागत नाच नाच्ने, बाजा बजाउने, गीत गाउने गर्दारहेछन । तमु ल्होसारको अवसरका उनीहरूले एक अर्कामा खुशी साटासाट गरेको पनि देख्यौं । रोजिनालाई पनि नाच्न धेरै मन पर्दोरहेछ । ल्होसारमा नाच्न पाउँदा त उनलाई झन धेरै खुशी लाग्दोरहेछ । विद्यालयमा हुने कार्यक्रमहरूमा पनि उनी नाच्ने गर्छिन् ।



## १. तलदिइएका प्रश्नहरूको उत्तर भन्नुहोस ।

क) तपाईंलाइ मन पर्ने चाडहरू के के हुन् ? तिनको नाम भन्नुहोस् ।

ख) तपाईंले मनाउने चाडपर्वहरू के के हुन ?चाडपर्वको नाम भन्नुहोस ।

ग) तपाईंले मनाउने चाडपर्व मनाउदा लगाउने पोसाकको नाम भन्नुहोस ।

घ) तमु ल्होसारमा गुरुङहरूले लगाउने पोसाकलाई के भनिन्छ ?

ङ) गुरुङले मनाउने अरु पर्वको नाम के हो ?

## २. तपाईंको छिमेकी र टोलमा मनाईने कुन कुन चाडपर्वहरूमा सहभागि भई चाडपर्वहरू मनाउनु भएको छ ? साथी सँग छलफल गर्नुहोस ।

## ३. तपाईंको छिमेकी र टोलमा मनाईने चाडपर्वहरू के के हुन ?साथी र शिक्षकलाई लेखेर देखाउनुहोस ।

## ४. तलका शब्दहरू शुद्ध सँग कापीमा सार्नुहोस ।

तमु ल्होसार, विद्यालय, नाच्न, गुरुङ, बुद्ध, साह्रै , सग्राँती

**५. तल दिएका वाक्यहरू ठीक भए ठीक चिन्ह (✓) र बेठिक भए बेठिक चिन्ह (x) चिन्ह लेख्नुहोस् ।**

क) हामीले मनाउने पर्व दशैं, तिहार, ल्होसार, उँभौली, उँधौली छठ , लाखे जात्रा, माघे सक्रान्ती, माघी पर्व आदि पर्दछन् । (    )

ख) तमु ल्होसार गुरुङ समुदायको चाड हो ।   (    )

ग) तमु ल्होसारमा गुरुङहरू घटु तथा सोरठी परम्परागत नाच नाच्ने गर्छन् । (    )

घ) तमु ल्होसार रोजिना गुरुङलाई मन पर्दैन ।   (    )

**६.तपाईले घरका अभिभावक बुबा आमालाई सोधी आफ्ना टोल छिमेकमा मनाइने चाडपर्वको बारेमा कापीमा लेखेर शिक्षकलाई देखाउनुहोस् ।**

## परियोजना कार्य

क) तपाईं बस्ने समुदायको नाम के हो? तपाईंलाई मन पर्ने चाड कुन हो ? तपाईंले मनाउने चाडमा के के गरेर मनाइन्छ ? छलफल गरि शिक्षकलाई सुनाउनुहोस् ।

# पाठ ७

# हाम्रो लोक बाजा

## १. तलका बाजा हेर्नुहोस् र छलफल गर्नुहोस् ।





## २. तलका प्रश्नहरूबारे कक्षामा छलफल गर्नुहोस् ।

क) माथिको बाजाहरू नाम पत्ता लगाउनुहोस् र तिनको नाम साथीलाई भन्नुहोस् ।

ख) माथिका बाजा मध्ये तपाईंलाई कुन बाजा मन पर्छ ?

ग) तपाईंको घरमा बजाउने बाजाहरूको नाम कक्षामा सुनाउनुहोस् ।

## ३. तलको पाठ पढ्नुहोस् र दिइएका क्रियाकलाप गर्नुहोस् ।

तल देखाइएका चित्रहरू नेपाली लोक बाजाहरू हुन ।यस्ता लोकबाजाहरू हाम्रो सिद्धिचरण नगरपालिकाका तलुवा, ठूलाछाप, अधेरीनारायणस्थान, रुम्जटार, वर्णालु, जन्तरखानी, विगुटार, सल्लेरी, ज्यामिरे, वेतिनी, ओखलढुङ्गा आदि विभिन्न गाउँ तथा समुदायमा लोकप्रिय बाजाको रुपमा रहेका छन् ।


मादल


वासुरी


डम्फु


झ्याली


नरसिङ्ग


सहनाइ


दमाहा


ट्याम्को


शङ्ख


यलम्वर


ढ्याङग्रो



विनायो



मुर्चुङ्गा



खैजडी

लोक बाजा भनेका हाम्रो समाजमा हाम्रा गाउँघरमा प्रचलनमा रहेका बाजा हुन । यी बाजाहरूको प्रयोग हाम्रो समुदायका विभिन्न स्थानीयमहोत्सव तथा चाडपर्वहरू, नेवारी गीत, तामाङ सेलो, स्याब्रु नाच, भजनकीर्तन आदि लोक गीत आदिमा गरिन्छ । लोक बाजाले हाम्रो स्थानीय लोक संस्कृति, धर्म रितिरिवाजलाई झल्काउछ । हाम्रो नगरपालिकामा प्रचलनमा आएका मादल, वासुरी, डम्फु, झयाली, नरसिङ्ग, सहनाई, दमाहा, टयाम्को, खैजडी, शङ्ख, यलम्वर, ढ्याङग्रो, विनायो, मुर्चुङ्गा आदि हाम्रा स्थानीय लोक बाजाहरू हुन् ।

हाम्रो विद्यालयमा पढ्ने सुजन तामाङको घरमा डम्फु र टुङ्ना बाजा छ । मिङ्मा टुडु शेर्पाको बुबाले घरमा डाङ्मेन बाजा बजाउनु हुन्छ । दिनेश वाग्लेको घरमा खैजडी, शङ्ख र वासुरी बाजा छन । रुपा राईको घरमा यलम्बर, विनायो र मुर्चुङ्गा छ । प्रज्वल थापा मगरको घरमा मादल र पञ्चे बाजा छन । सागर श्रेष्ठको घरमा ढोलक बाजा छ । दिनेश नेपालीको काका र बुबाले पन्चे बाजा वजाउनु हुन्छ । रामका बुबा झाँक्री हुन ।उनको घरमा तान्त्रिक बाजा ढ्याङ्गो छ । मादल , वासुरी, शङ्ख र पञ्चे बाजा प्रायः सवै जातिमा लोकप्रिय बाजाको रुपमा चिनिन्छन् ।

**४. तलदिइएका बाजाको चित्र हेरी नाम लेख्नहोस् ।**


..........


............


..............


...........


..............

**५. तपाईंको घर वा छिमेकीको घरमा भएका कुनै लुई बाजाको चित्र बनाउनुहोस ।**

**६. तलदिइएका नामहरू राम्रा अक्षरमा आफ्नो कापीमा सार्नुहोस ।**

मादल, बासुँरी , डम्फु , झ्याली, दमाह, ढ्याङ्ग्रो, बिनायो

**७. समूह (क) सगँ मिल्ने गरी समूह (ख) का शब्द सगँ जोडा मिलाउनुहोस् ।**

| **समूह (क)** | **समूह (ख)** |
|---|---|
| क) पन्चै बाजा | मादल |
| ख) सवै भन्दा लोकप्रिय बाजा | पाच ाजाहरूको समूह |
| ग) शङ्खे किराको खोलबाट बनेको बाजा | यलम्वर |
| घ) राई लिम्बुको प्रचलित बाजाहरू | डम्फु |
| ङ) तामाङको बाजा | शङ्ख |

**८. तपाईंको आफ्नो गाउँ, टोल तथा घरमा पाईने कुनै पाचँवटा बाजाको नाम लेख्नुहोस् ।**

**९. कस्ता बाजालाई लोक बाजा भनिन्छ ? लेख्नुहोस् ।**

परियोजना कार्य

**१०. शिक्षकले प्रत्येक विद्यार्थीहरूलाई पालैपालो उसको नाम थर , धर्म र मन पर्ने बाजाको नाम सोधी लेख्न सहजीकरण गर्नुहो्स ।**

नाम थर ............................ धर्म............ ...........

मन पर्ने बाजाको नाम.......................

**११. तपाईंका कक्षामा पढ्नेसाथीहरूको घरमा भएका बाजाको बारेमा पालै पालो सोधी बाजाको नाम लेख्नुहोस् ।**

क) ..................... ख) ............................

ग) ......................... घ) ..........................

**१२. तपाईंको घर तथा छरछिमेकमा बसोबास गर्ने दाजु दिदीलाई सोधेरविवाहमा बजाउने पञ्चै बाजा अन्तरगत पर्ने बाजाहरूको नाम लेख्नुहोस् र कक्षामा छलफल गर्नुहोस् ।**

# पाठ ८
# हाम्रो पोसाक

## १. तलको चित्र हेर्नुहोस र छलफल गर्नुहोस् ।



## २. तलका प्रश्नहरूबारे कक्षामा छलफल गर्नुहोस् ।

क) तपाईंलाई मन पर्ने कपडाको नाम भन्नुहोस् ।

ख) माथिको चित्रमा देखिएको कपडाको नाम भन्नुहोस ।

ग) विद्यालय जादा तपाईले लगाउने पोसाकको नाम के हो ?

## ३. तलको पाठ पढ्नुहोस र दिइएका क्रियाकलाप गर्नुहोस् ।

मेरो नाम पासाङ शेर्पा हो । म रुम्जाटार मा.वि मा कक्षा २ मा पढ्छु । कक्षा २ मा पढ्ने मेरा साथीहरूको नाम रयानश्रेष्ठ, आर्यन दाहाल, रेखा बस्नेत, हिमाल राई, राजीव गुरुङ हो । नाच गान हुँदा हामी स्कुलमा आ-आफ्नो भेषभूषामा स्कुल जान्छौं । मलाई हाम्रो राष्ट्रिय पोसाक (कपडा) दौरा सुरुवाल, ढाकाटोपी, गुन्यु (साडी) चोलो, पटुकी धेरै मन पर्छ ।

मेरो नाम पवन तामाङ हो । मेरो घर सल्लेरी हो । म मावल बसेररुम्जाटार मा.वि मा कक्षा २ मा पढ्छु । मलाई आफ्नो भेषभूषा मन पर्छ । मलाई आङ्डी , पाङ्देन, दौरा सुरुवाल , ढाका टोपी मन पर्छ । मलाइ पनि पासाङ

शेर्पाको जस्तै हाम्रो राष्ट्रिय पोसाक  दौरा सुरुवाल, ढाकाटोपी, गुन्यु  चोलो, पटुकी धेरै मन पर्छ । मलाई हाम्रो गाउँमा नेवारहरूले लगाउने हाकु पटासी ,शेर्पाले लगाएको पहिरनहरू वख्खु ,दोचा लुङ्गी , पगरी आदि  पनि मन पर्छ ।






मेरा साथीहरू तल चित्रमा दिए जस्तै कपडा लगाएर विद्यालयको नाचगान कार्यक्रममा आउँछन् । त्यो पनि मलाई धेरै  मन पर्छ ।






**४. तल दिइएका पोसाकका चित्रका नामहरू लेख्नुहोस् ।**

















५. शिक्षकले विद्यार्थीलाई माथि  दिइएका कपडाहरूका नाम भन्न लगाउनुहोस् ।

६. तल दिइएका कपडाहरूको जोडा मिलाउनुहोस् ।

मोजा 


सर्ट 


ढाका टोपी 

सुईटर 

दौरा 

७. तल दिइएका कपडाका चित्रमा रङ्ग लगाउनुहोस्





८. तपाईंलाई मनपर्ने कुनै कपडाको चित्र बनाई रङ्ग भरी शिक्षकलाई देखाउनुहोस् ।

९. महिला, पुरुष वा दुबैले लगाउने कपडाहरूको नाम तल खाली कोठामा लेख्नुहोस् ।



| महिलाले लगाउने कपडाहरूको नाम | पुरुषले कपडाहरूको नाम | दुवैले लगाउने कपडाहरूको नाम |
|---|---|---|
| | | |
| | | |

## १०. पढ्नुहोस् र राम्रा अक्षरमा सारेर शिक्षकलाई देखाउनुहोस् ।

हामी सिद्धिचरण नगरपालिकामा बसोबास गर्ने जातजातिहरू धेरै नै छौँ । यहाँ मुख्य गरेर ब्राह्मण, क्षेत्री, तामाङ, गुरुङ, राई, मगर, नेवार, विश्वकर्मा, परियार, शेर्पा, भुजेल, सार्की, जात जातिहरू बसोबास गर्दछौ ।

## ११. दिइएका चित्र हेरी कक्षामा छलफल गर्नुहोस् ।

**चित्र क**



क) चित्रमा दिइएको पहिरन कुन जाति सगँ र

ख) चित्रमा दिइएको पहिरनको नाम के हो ?

**चित्र ख.**



क) चित्रमा दिइएको पहिरनको नाम के हो?

ख) शिरमा लगाएको कपडाको नाम के हो ?

ग) चित्र हेरी हाम्रो राष्ट्रिय पोसाकबारे साथी तथा बुबाआमालाई सुनाउनुहोस् ?

# पाठ ९

# हाम्रा रितिरिवाज

## १. तलको चित्र हेर्नुहोस र छलफल गर्नुहोस् ।



तमु ल्होसार



दौरा सुरुवाल र गुन्यौ चोली



हाकुपटासी




सोनाम ल्होसार



ग्याल्पो ल्होसार



दसैं



भाइटिका तिहार




तमाङ विवाह




बेलविवाह

## २. तलका प्रश्नहरूबारे कक्षामा छलफल गरी उत्तर लेख्नुहोस् ।

क) शिक्षकको सहयोगमा माथि दिइएका चित्र हेरी हाम्रा रितिरिवाज भित्र के के पर्दो रहेछ ?पत्ता लगाउनुहोस ।

ख) तपाईं आफ्नो घरमा कुन कुन चाडपर्व मनाउनुहुन्छ ? लेख्नुहोस् ।

ग) तपाईंले चाडपर्व मनाउदा लगाउने पहिरनको नामके हो ?लेख्नुहोस् ।

ग) तपाईंले मनाउने चाडमा वजाइने बाजाको नाम के हो ?लेख्नुहोस् ।

घ) तपाईंले मनाउने चाडपर्वमा लगाउने गरगहनाहरू केके हुन ?लेख्नुहोस् ।

## ३. तलको पाठ पढ्नुहोस र दिइएका क्रियाकलाप गर्नुहोस् ।

हाम्रो गाउँघरमा हामी विभिन्न जातका मानिसहरू वसोवास गर्छौं । हाम्रा सिद्धिचरण नगरपालिकाका विभिन्न गाउँ तथा समुदायमा ब्राह्मण, क्षेत्री, राई, शेर्पा, तामाङ, मगर नेवार, गुरुङ, सार्की दमाई कामी आदि जातिका मानिसहरूको वसोवास रहेको छ, ती सबै जातजातिका आआफ्नै तरिकाबाट मनाउने चाडपर्वहरू रहेका छन् । पहिल्यैदेखि हामीहरू चाडपर्व मनाउदै आएका छौं । मानिसको जन्म, विवाह र  मृत्युका कर्म गर्दा पुरोहितबाट गराउछौं । चाडपर्व, जन्म, विवाह र मृत्युका संस्कारहरु लोकगीत, लोकबाजा, हामीले लगाउने गरगहनाहरू आदि हाम्रा रितिरिवाज हुन ।

हाम्रा रितिरिवाज बारेमा कक्षामा सगैंपढ्ने साथीहरू राजन तामाङ, बुद्धि प्रसाद धमला, खिनीमाया मगर र सवीर राई र दावा शेर्पा विचको कुराकानी पढौं र छलफल गरौं ।

वुद्धि : ए साथीहरू ! ल आज म तपाईंहरूलाई केही प्रश्न सोध्न लागि रहेछु । तपाईहरूले उत्तर दिनुहोला भन्ने आशा छ ।



खिनी, राजन र सविर र दावा : ल हुन्छ ।

बुद्धि : खिनी माया, तपाईंको मुख्य चाडपर्व कुन हो ?

खिनी :हाम्रो माँघे संक्राति हो । खासै यस

ठाउँमा विशेष मनाएको चाहि पाइदैन ।

बुद्धि : राजन, तपाईंले मनाउने पर्व भन्नुहोस् त ?

राजन :हामी जुनसुकै पर्व पनि मनाउछौँ तर हाम्रो मुख्य पर्व ग्याल्बो ल्होसार हो । अनि तपाईंहरूको नि ?

बुद्धि : हामी त दसै तिहार मुख्य पर्व हुन् । अनि र सविरको परिवारको मुख्य पर्व कुन हो ?



दावा : हामी शेर्पाहरूले सोनाम ल्होसार मान्दछौं ।

बुद्धि : सवैलाई धन्यवाद, अनि तपाईंहरूको घरमा वर्षहरूमा बारीने जन्मदेखि मृत्यु सम्मका कर्महरूमा लगाइने पण्डित अर्थात पुरोहितलाई के भनिन्छ ?

राजन : हाम्रो त लामा हुन् ।

खिनी : हाम्रो त ज्वाईचेला ।

रसवीर : हाम्रो त ङोपा

दावा : हाम्रोलाई त लामा भनिन्छ ।

बुद्धि : धन्यवाद !

सवै : स्वागतम् ।

## ४.तल दिएका प्रश्नहरूको उत्तर भन्नुहोस्।

क) तामाङ जातिले मनाउने मुख्य पर्व कुन हो ?

ख) मगर जातिले मनाउने मुख्य पर्व कुन हो ?

ग) राई जातिको मुख्य पर्व कुन हो ?

घ) शेर्पा जातिको मुख्य कुन पर्व हो ?

ङ) तामाङका पुरोहितलाई के भनिन्छ ?

च) तपाईले मनाउने मुख्य पर्व कुन हो ?

**५. तल दिएका क समुहका जातिहरूको अध्ययन गरी ख समुहमा रहेका जातिहरूको पुरोहित पत्ता लगाई मिल्ने गरी जोडा मिलाउनुहोस् ।**

| समुह क | समुह ख |
|---|---|
| ब्राम्हण | लामा |
| राई | गुभाजु |
| तामाङ | ङोपा |
| नेवाँर | पुरोहित |
| गुरुङ्ग | ध्यात्रे |

**६. तल दिएका वाक्यहरू ठीक भए ठीक चिन्ह (✓) र बेठिक भए बेठीक चिन्ह (x) लेख्नुहोस् ।**

क) शेर्पा जातिहरूले डम्फु बजाउछन् ।

ख) तिहारमा देउसी खेल्दा मादल बजाइन्छ ।

ग) ब्राम्हण जातिको मानिस मर्दा शङ्ख बजाउनु हुँदैन ।

घ) खैजडी नेवार जातिको बाजा हो ।

ङ) हाम्रो जन्मोत्सवमा बजाइने बाजा ढ्याङ्ग्रो हो ।

**७. परियोजना कार्य**

क) राई, गुरुङ्ग, ब्रम्हण र तामाङ जातिले मुख्य पर्वमा बजाइने बाजाहरूको नाम कक्षामा छलफल गरी लेख्नुहोस् ।

# पाठ १०

# स्थानीय भाषा

## १. तलको चित्र हेर्नुहोस र छलफल गर्नुहोस् ।



नेवारी भाषा







नेपाली भाषा



मगर भाषा



गुरुङ भाषा



शेर्पा भाषा



राई भाषा

## २. तलका प्रश्नहरूबारे कक्षामा छलफल गर्नुहोस् ।

क) माथि देखाइएका चित्र कुन कुन जातजातिका हुन् ? भन्नुहोस् ।

ख) तपाईं पनि आफ्नो जाति र आफ्नो भाषा बारे कक्षामा सुनाउनुहोस ।

## ३. तलको पाठ पढ्नुहोस र दिइएका क्रियाकलाप गर्नुहोस् ।

म कक्षा २ मा पढ्छु । मेरो नाम दिपा मगर हो । मेरो कक्षामा ७ जना साथीहरू हुनुहुन्छ । उहाँहरू कृष्ण, राजन, रमिता, समिक्षा प्रतिज्ञा, प्रदीप हुनुहुन्छ । कृष्णप्रसाद धमला, राजन तामाङ, रमिता राई, समिक्षा मगर र प्रदीप श्रेष्ठ हुनुहुन्छ । उहाँहरू आ-आफ्नो भाषा बोल्नुहुन्छ । ब्राह्मण र क्षेत्रीले नेपाली भाषा बोल्दछन् । उनीहरुको बोल्ने मातृभाषा नेपाली भाषा नै हो । तामाङ साथी पनि नेपाली भाषा त बोल्नुहुन्छ तर उसको मातृभाषा तामाङ् हो । राईको मातृभाषा राई, मगरको मातृभाषा मगर नै हो भने श्रेष्ठको मातृभाषालाई नेवारी वा नेपाल भाषा भनिन्छ । हामी कक्षामा जुनजुन भाषा बोल्ने भए पनि सबै मिलेर बस्छौं । एकले अर्कालाई सहयोग गर्छौं । म साथीहरूलाई धेरै माया गर्छु र साथीहरूले पनि मलाई माया गर्नुहुन्छ ।

## ४. पाठको आधारमा उत्तर खोजौँ ।

क) कक्षामा कति जना साथी हुनुहुन्छ ?

ख) राजन तामाङ कति कक्षामा पढ्नुहुन्छ ?

ग) रमिता राईको मातृभाषा कुन हो ।

घ) प्रदीप श्रेष्ठको मातृभाषा के हो ?

## ५.तल दिएका वाक्यहरू ठीक भए ठीक चिन्ह् (✓) र बेठिक भए बेठीक चिन्ह् (x) लेख्नुहोस्

क) ब्राह्मण, क्षेत्रीले बोल्ने भाषा नेपाली हो । ( )

ख) राईले बोल्ने भाषालाई तामाङ भाषा भनिन्छ । ( )

ग) कक्षा २ का सवै छात्र छात्राहरू एउटै भाषा बोल्नुहुन्छ । ( )

घ) जुन भाषा बोल्ने पनि सबै मिल्नु पर्छ । ( )

ङ) भाषा फरक बोल्ने मानिसलाई आपसी सहयोग गर्नुहुदैन । ( )

## ६. आफ्नो घरमा र छिमेकमा बोल्ने भाषाहरू लेख्नुहोस् ।

## ७. तलको तालिकामा तपाईंको गाउँ तथा टोलमा भएका पाँच जतिका मानिसहरू लेखि उनीहरूको मातृभाषा लेख्नुहोस् ।

| क.सं. | जाति | आफ्नो मातृभाषा |
|---|---|---|
| १ | | |
| २ | | |

## ८. परियोजना कार्य

**क) आ-आफ्नो गाउँघरमा बोलिने विभिन्न जातजातिका मातृ भाषाका तीन तीन शब्द लेखेर कक्षामा साथीहरूसँग छलफल गर्नुहोस् ।**

# पाठ ११

# नेवारी खाद्य परिकार

## १. तलको चित्र हेर्नुहोस र छलफल गर्नुहोस् ।



## २. तलका प्रश्नहरूबारे कक्षामा छलफल गरी उत्तर लेख्नुहोस् ।

क) तपाईंको घरमा खाना कसले वनाउनुहुन्छ ?

ख) तपाईंलाई मासु भएको खाना मन पर्छ कि नभएको खाना मन पर्छ ?

ग) तपाईंले होटलमा खाना खानु भएको छ ?

घ) तपाईंलाई कुन कुन खाना मन पर्छ ?

ङ) माथिको चित्रमा के देख्नु भएको छ ? पहिचान गर्नुहोस ।

## ३. तलको पाठ पढ्नुहोस् र दिइएका क्रियाकलाप गर्नुहोस् ।

नमस्कार ! मेरो नाम सुप्रिया भुजेल हो । मेरो घर विगुटार हो ।म कक्षा २ मा पढ्छु । एक दिन शनिबार म बुबासँग ओखलढुङ्गा बजार हेर्न गएकी थिएँ । बजार घुमेर घर फर्कने बेलामा बुबा र म नेवारी खाजा घरमा खाजा खान

पस्यौँ । त्याहाँ नेवारी खाद्य परिकारको नामको सूची ल्याएर दिए । खानाको सूचीमा भएका सबै नेवारी खाद्य परिकारका नाम बुबाले पढेर सुनाउनु भयो ।









नेवारी खाद्य परिकारहरूमा मासु भएका र मासु नभएका दुवै थरी खाना हुँदा रहेछन् । मासु नभएका खानामा लाखामोरी, साँधेको भटमास, मासको बारा, चटामरी, योमरी, क्वाँटी, जा:(उसिनेको भात), खुवा, आलुको अचार, सेलरोटी, खजुरी, गुदपाक, चाकु, लड्डु, लालमन, रसवरी, जेरी, निम्की, मालपुवा, हलुवा रहेछन् ।

त्यस्तै मासु भएका नेवारी खानामा, अण्डाको बार, साँधेको माछा, छोयला ( सेकुवा), कचेला (साँधेको मासु), ममचा, समय बजी (खाना सेट) जस्ता अरु धेरै खाने परिकारको सुची सुन्दा म छक्क परेँ । बुबाले सोध्नु भयो, “अब कुन खाजा खाने छोरी ?“ मैले भने,“ममचा”। बुबाले होटलवालालाई त्यही ल्याउन भन्नुभयो । ममचा खाएर बेलुकी ४ बजे हामी घरतर्फ लाग्यौँ । घर पुगेर मैले सोचेँ “नेवार समुदायमा खाद्यान्न परिकार बनाउने र पकाउनेकति धेरै ज्ञान, सीप, र अनुभव हुन्छ । मैले आमालाई पनि ममचा लगिदिएकी थिएँ र आजको कुरा पनि सुनाएँ ।








४. नेवारी खाद्य परिकार पाठ गुरुआमा बाट सुन्नुहोस् ।

५.नेवारी खाद्य परिकारको नामहरू तल खाली कोठामा लेख्नुहोस् ।

६.तपाईंले अरु कुन कुन खानेकुराहरू देख्नु भएको छ ? तालिकामा नाम लेख्नुहोस् ।

| | | |
|---|---|---|
| | | |
| | | |
| | | |

७. जोडा मिलाउनुहोस् :-

ममचा



सेलरोटी



लड्डु



योमरी



छोयला



८. पाठ पढेर तल दिइएका प्रश्नहरूको उत्तर लेख्नुहोस् :-

क) सुप्रिया ओखलढुङ्गा को सँग गइन् ?

ख) सुप्रियाले नेवारी खाजा घरमा के खाइन् ?

ग) सुप्रियाको घर कहाँ हो ?

घ) सुप्रिया कति कक्षामा पढ्छिन् ?

ङ) तपाईं ओखलढुङ्गा बजारमा जानु भएको छ ?

## ९. परियोजना कार्य

| | | |
|---|---|---|
| | | |
| | | |

क) तपाईंको घरमा आमाबुबाले  के के खानेकुराहरू पकाउनु हुन्छ ? खाने परिकारहरूको नाम सोधि तालिकामा लेख्नुहोस् ।


| | | |
|---|---|---|
| | | |
| | | |

# पाठ १२

# झण्डा फरर

## (बाल गीत)

### १. दिइएको चित्र हेर्नुहोस र छलफल गर्नुहोस् ।




### २. तलका प्रश्नहरूबारे कक्षामा छलफल गर्नुहोस् ।

क)माथि दिइएको चित्र के को हो ? पत्ता लगाउनुहोस् ।

ख) तपाईं पढ्ने विद्यालयमा राष्ट्रिय झण्डा छ ?

ग) तपाईंको विद्यालयले राष्ट्रिय झण्डा कहाँ राखेको छ ?

### ३. तलको गीत शिक्षक सगैं स्वर मिलाइ गाउनुहोस र दिइएका क्रियाकलाप गर्नुहोस् ।




ओखलढुङ्गा बजार
घुम्न जाने रहर,
रुम्जाटार बजार, राम्रो सहर ।
सगरमाथा शिरमाथि झण्डा फरर

सल्लेरीको माथि माथि गाडी सरर
जन्तरखानी डाँडामा पानी दरर ।

तलुवाको पुछारमा कोशी बगर
ठुलाछाप डाँडामा हावा सरर ।

ज्यामिरेको डाँडै डाँडा भाले मजुर
बिगुटारे नानीको के छ खबर ?
स्कुलमा पुगी हेरौं झण्डा फरर !








## ४. झण्डा फरर बाल गीत लय मिलाएर गाउँनुहोस् ।

## ५. तल चित्रमा भएको ठाउँहरूको नाम लेख्नुहोस् ।






## ६.तलका प्रश्नहरूको उत्तर भन्नुहोस ।

क) तपाईंलाई कुन बजार घुम्न जाने रहर छ ?
ख) सल्लेरीको माथि के सरर गुड्छ ?
ग) कोशी बगर कहाँ छ ?
घ) पानी कहाँ दरर पर्छ?
ङ) धेरै हावा चल्ने डाँडा कुन हो ?
च) तपाईंको स्कुलमा झण्डा छ कि छैन ?


**७. तल दिएका क समुहका शव्द  अध्ययन गरी ख समुहमा रहेका चित्रहरू सगँमिल्ने गरी जोडा मिलाउनुहोस् ।**

| **समुह क** | **समुह ख** |
|---|---|
| स्कुल |  |
| खोला |  |
| झण्डा |  |
| डाँडा |  |
| भाले मयूर |  |

## ८.परियोजना कार्य

.क)खोला, झण्डा, स्कुलको चित्रमा रङ्ग लगाउनुहोस् ।





# पाठ १३

# हाम्रा औजारहरू

१. तलको चित्र हेर्नुहोस र छलफल गर्नुहोस् ।



### २. तलका प्रश्नहरूबारे कक्षामा छलफल गर्नुहोस् ।

क) माथि चित्रमा देखाएका घरायसी औजारहरू मध्ये तपाईंको घरमा कुन कुन औजारहरू रहेका छन ?

ख) हलो के काममा प्रयोग गरिन्छ ?

ग) तपाईंको घरमा तरकारी काट्न प्रयोग गरिने औजारको नाम भन्नुहोस् ।

### ३. तलको पाठ पढ्नुहोस र दिइएका क्रियाकलाप गर्नुहोस् ।



मेरो घर सिद्धिचरण नगरपालिकाको गैरिगाउँमा पर्छ । हाम्रो गाउँ नजिकै रहेको गोरुमारे भञ्ज्याङ्गका आरने दाइहरूले आरनमा राखी फलाम गलाएर विभिन्न किसिमका घरेलु कार्यहरू प्रयोग गरिने हँसिया, खुकुरी, कोदालो, कोदाली चुलेसी

वनाउनु हुन्छ ।हाम्रो घरमा घरायसी काम गर्न हामीले पनि हँसिया,खुकुरी,कोदालो,कोदाली चुलेसी प्रयोग गर्छौं । मेरी आमाले हसियाँ र खुकुरीले र घाँस, स्याँउला, दाउरा काठ काट्न प्रयोग गर्नुहुन्छ । मेरा बुबाले करेसावारी तरकारी रोप्न , खेतवारी खन्न तथा मकै, तरकारी गोडमेल गर्न कोदालोको प्रयोग गर्नुहुन्छ । मेरो छिमेकी काकाले धान रोपाईं गर्दा खेतको डिलमा आली लगाउन कोदाली प्रयोग गर्नुहुन्छ । हाम्रो घरमा चक्कु, चुलेली तरकारी सागसब्जी काट्न प्रयोग गर्छौं । ओदान खाना पकाउन, गाई वस्तुलाई कुडो पकाउन प्रयोग गरिन्छ ।



तल्ला घरे ठूलोबाले काठ चिर्न र काठलाई टुक्रा पार्न आरा प्रयोग गर्नुहुन्छ । बसिला काठ ताछ्न प्रयोग गर्नुहुन्छ । काठ चिल्याउन तथा काठबाट बनेका समान चिल्याउन रन्दा र खाक्सी प्रयोग गर्नुहुन्छ ।

मेरा काका किसान हुनुहुन्छ । काकाले काठको हलो ,लिड्को वनाउनु हुन्छ । मेरो काका र गाउँका किसानहरूले काठवाट बनाइने हलो, लिड्को दाँदेलाई खेतवारी, जोत्न, माटोको ठूलो डल्लाहरूलाई मसिनो पार्न प्रयोग गर्नुहुन्छ । दाँदेबाट खेतको हिलोलाई सम्याई धान खेती लगाउने कार्यमा प्रयोग गर्नहुन्छ । हाम्रो गाउँघरमा आरने दाइहरूले र मेरो काकाले निर्माण गरेका विभिन्न औजारहरूको विक्री र प्रयोगवाट प्राप्त हुने आम्दानीबाट आफ्नो घरायसी खर्च टार्न, छोराछोरीलाई शिक्षादीक्षा दिलाउन, स्वास्थ्य उपचार गर्न प्रयोग गर्नुहुन्छ ।

**४.तपाईंको घरमा रहेका घरायसी औजारको नाम सुनाउनुहोस् ।**

**५. तपाईंको गाउँमा फलामका के के औजारहरू बनाइन्छ ?**

**६. कृषि कार्यमा प्रयोग हुने औजारहरू कुन कुन हुन ?**

**७. कृषि कार्यमा प्रयोग गरिने काठका औजारहरू के के हुन ?**


**८. गीत गाऔं र रमाऔं**



भन भन भाइ हो बारी खन्ने केले
सुन सुन भाइ हो कादालो ले



भन भन भाइ हो आली लाउने केले
सुन सुन भाइ हो कोदाली:ले



भन भन भाइ हो लट्ठी काट्ने केले
सुन सुन भाइ हो खुकुरी:ले



भन भन भाइ हो फलेक गिड्ने कले
सुन सुन भाइ हो करौतीले

## ९. दिइएका शब्द छानेर खाली ठाउँमा लेख्नुहोस् ।

करौती, खुकुरी, कोदाली, कोदालो






................   .................   .................   .........................

## १०. तल दिएका क समुहका औजारहरूको  अध्ययन गरी ख समुहमा रहेका मिल्ने वाक्यहरू पत्ता लगाई  जोडा मिलाउनुहोस् ।

| **समुह क** | **समुह ख** |
|---|---|
| खाक्सी | तरकारी सागसब्जी काट्न प्रयोग गरिन्छ । |
| चुलेली | काठ चिर्न प्रयोग गरिन्छ । |
| आरा | काठ चिल्याउन प्रयोग गरिन्छ । |
| बसिला | खेत जोत्न प्रयोग गरिन्छ । |
| हलो | काठ ताछ्न प्रयोग गरिन्छ । |

## ११. खाली ठाँउ भर्नुहोस,

क) काठबाट बन्ने औजार...............हो  (बसिला, हलो )

ख) काठ चिर्न  प्रयोग गरिने औजार ............ हो । (आरा, चुलेसी)

ग) चुलेसीले .................काटिन्छ । (सागसब्जी, काठ )

घ) काठको लिङ्को..................ले बनाउछ । (कुमाले ,आराने कृषक)

## १२. परियोजना कार्यः

क) तपाईको बुवा आमा दाजु दिदी सँग सोधी घरमा रहेका घरायसी औजारहरुको नाम लेखि कक्षामा साथिहरुलाई सुनाउनुहोस् ।

# पाठ १४

# ज्यामिरे गाउँको कथा

## १. तलको चित्र हेर्नुहोस र छलफल गर्नुहोस् ।



## २. तलका प्रश्नहरूबारे कक्षामा छलफल गर्नुहोस् ।

क) तपाईं बस्ने गाउँ कस्तो रहेको छ ?

ख) तपाईंको गाउँमा बस, मोटरसाइकल गुड्ने सडक पनि छ ?

ग) माथि चित्रमा दिइएको ज्यामिरे गाउँ जानु भएको छ ?

## ३ .तलको कथा पढ्नुहोस र दिइएका क्रियाकलाप गर्नुहोस् ।

ज्यामिरे गाउँ एक सुन्दर गाउँ हो । यो गाउँ बजारवाट नजिकै पर्दछ । ज्यामिरे गाउँमा पहिले पहिले पिउने पानीको धेरै अभाव थियो । मेरी आमा राति नै कुवामा पानी भर्न गाग्री लिएर लाइनमा बस्नुहुन्थ्यो ।





वजार जादा हिडेर जानुहुन्थ्यो । म विरामी हुदाँ धामी झाक्री लाई फुक्न लगाउनु हुन्थ्यो । मेरी दिदीलाई विद्यालयमा पढ्न जानको साटो गाईवस्तुलाई घाँस काट्न पठाउनु हुन्थ्यो । मेरा बुबा गाउँबाट मकैको भारी वोकेर ओखलढुङ्गा वजार लैजानुहुन्थ्यो । गाउँमा विद्यालय नभएर बुबाले पढ्नु भएको थिएन । छोरीलाई पढाउने चलन नै थिएन । मेरा काका पढ्न सहर जानु भएको थियो । काकाले हामीलाई पठाएको चिठी पढ्न हामी छिमेकी ठुलाघरे मास्टरको घरमा जान्थ्यौं ।

तर आज ज्यामिरे गाउँ विकासले फेरिएको छ । आज ज्यामिरे गाउँमा बस्ने मानिसको घर घरमा पानीका धारा छन् । हाम्रो पनि घरसम्म मोटर बाटो आएको छ । छिमेकी माईला काकाको घरमा बोलेरो गाडी छ । आमा, म र गाउँका मानिस बोलेरो गाडी चढेर घरबाट वजार जाने गर्छौं । हाम्रो घर भन्दा अलिपर स्वास्थ्य चौकी छ । मानिस विरामी हुँदा उपचार गर्न त्यही जान्छन् । गाउँका मानिसहरूले आफ्ना छोरा छोरीलाई विद्यालयमा लेखपढ गर्न पठाउँछन् । आज भोली गाउँ पनि बिजुलीले झिलिमिली भएको छ । अहिले हाम्रो घरमा मोवाइल, टिभी पनि छ । मेरा दाईले नजिकै रहेको कुन्ता माध्यमिक विद्यालयमा पढाउनुहुन्छ । हिजो आज विजुलीबाट चल्ने मिलबाट कुटनपिसन हुन्छ । यस गाउँमा विकासका काम भैइरहका छन् ।

### ४. सहि भनाईमा कोष्ठक भित्र ठीक चिन्ह (√) र गलत भनाइमा ( ×) चिन्हले संकेत गर्नुहोस् ।

क) विरामी हुदाँ धामी झाक्री लगाउनु पर्छ । [ ]

ख) छोरी र छोरा दुवैलाई पढाउनु पर्छ । [ ]

ग) मानिसको घर घरमा धारा पुऱ्याउनु पर्छ । [ ]

घ) ज्यामिरे गाउँमा सवै जना मिलेर चाडपर्व मनाउछन । [ ]

ङ) गाउँमा ढिकी र जातोको प्रयोग हुदैन । [ ]

## ५. तल दिएका ज्यामिरे गाउँका विद्यालय र स्वास्थ्य संस्थाको चित्र चिन्नुहोस् र खाली ठाउँमा नाम लेख्नुहोस् ।





क)........................................................ ख) ..........................................

## ६.तलदिइएका प्रश्नको मौखिक उत्तर दिनुहोस ।

क) तपाईं विरामी हुदाँ कहाँ जानुहुन्छ ?

ख) तपाईंको घरमा पिउने पानी कहाँबाट ल्याउनु हुन्छ ?

ग) तपाईं के को उज्यालोमा किताब पढ्नु हुन्छ ?

घ) तपाईं बजार वा गाउँ जाँदा कसरी जानु हुन्छ ?

ङ) तपाईं पढ्न लेख्न कहाँ जानु हुन्छ ?

## ७. तल दिएका शव्दहरू सुनौ, पढौं, सबैले पालै पालो भनौ र आफ्नो कापीमा राम्रा अक्षरमा लेखौं ।

ज्यामिरे गाउँ, धामी झाकी विद्यालय, स्वास्थ्य चौकी, सहर, मोवाइल, शिक्षक बोलेरो गाडी, स्वास्थ्य कर्मी, किताब, धर्म, चाडपर्व

## ८. परियोजना कार्य:

क) बालबालीकाहरूलाई काल्पनिक कथा भन्न लगाउनुहोस र उनीहरूका कथावस्तु राम्ररी सुन्नुहोस र उनीहरूले वनाएका काल्पनिक दुनियाका बारेमा प्रश्न गर्दै शिक्षकले सहजीकरण गर्नुहोस् ।

# पाठ १५
# लगलगे क्षेत्र

## १. तलको चित्र हेर्नुहोस र छलफल गर्नुहोस् ।



## २. तलका प्रश्नहरूबारे कक्षामा छलफल गर्नुहोस् ।

क) माथि देखाइएको चित्र कहाँको हो ? पत्ता लगाउनुहोस ।

ख) लगलगे सिद्धिचरण नगरपालिकाको कति नम्वर वडामा पर्दछ ? पत्ता लगाउनुहोस ।

ग) तपाईंले लगलगे ककनी तीर्थको दर्शन गर्नुभएको छ ?

## ३. तलको पाठ पढ्नुहोस र दिइएका क्रियाकलाप गर्नुहोस् ।

म नेहा धमला । मेरा साथीहरू विष्णुबहादुर मगर, सिता गिरी र प्रेम तामाङ लगलगेमा बस्छन् । मरी आमा सगँ लगलगे क्षेत्रको भ्रमण गरेको छु ।लगलगे सिद्धिचरण नगरपालिकाको बडा नं. ८ मा पदर्छ । यो क्षेत्र उत्तर तर्फ फर्केको पहाडको एउटा भाग हो । यो सिद्धिचरण नगरपालिका को एउटा प्राकृतिक सौर्दयले भरिएको रमणीय ठाउँ हो । यो समुन्द्र सतहभन्दा करिब २३,०० मिटर उचाईमा पर्छ । यस क्षेत्रमा बन जङ्गल विभिन्न जडीबुटी पनि पाइन्छ । यहाँ

हिउदमा अति ठन्डी हुन्छ । यहाँ स्याउ, नास्पती, आलु, खुर्पानी राम्ररी फल्छ । यस क्षेत्रमा चम्पादेवी मन्दिर, शिव मन्दिर , सेतिदेवी मन्दिर र लगलगेको डाँडामा सिद्दबुबा मन्दिर पनि छ । चम्पादेवी ककनी मन्दिरमा हरिबोधनी एकादशीदेखी पूर्णिमा सम्म मेला लाग्छ । यो मन्दिर जिल्लाको एउटा प्रसिद्ध मन्दिर हो । लगलगेको डाँडामा एउटा भ्यू टावर पनि छ । यो टावर सिद्धिचरण नगरपालिकाको आर्थिक सहयोगमा निर्माण गरिएको हो । यसको उचाई ९ मिटर छ ।



यहाँबाट ओखलढुङ्गा, सोलुखुम्बु, उदयपुर, दिक्तेल जिल्लाका केही क्षेत्रहरूको रमणीय दृष्य हेर्न गर्न धेरै क्षेत्रहरू ठाउँबाट मनिसहरू आउने गर्दछन् । यस क्षेत्रमा करिब ६० घरधुरी मात्र मानिसहरूको बसोबास गरेको पाइन्छ । यहाँ बिशेष गरेर मगर जातिका मानिसहरूको बसोबास रहेको छ । यस क्षेत्रमा गिरी र तामाङहरू पनि थोरै संख्यामा बसोबास गरेको पाइन्छ ।

**४. पाठको आधारमा तलका प्रश्नहरूको उत्तर भन्नुहोस र लेख्नुहोस् ।**

क) विष्णु बहादुर मगरको घर कुन ठाउँमा छ ?

ख) लगलगे सिद्धिचरण नगरपालिकाको कुन वडामा पर्छ ?

ग) लगलगेमा उत्पादन हुने तीनवटा फलफूलको नाम भन्नुहोस् ?

घ) लगलगेमा रहेको एउटा प्रसिद्ध मन्दिरको नाम भन्नुहोस् ?

ङ) लगलगेमा तपाईंको भ्रमण हुँदा कुन ठाउँ जाने इच्छा छ ? किन ?

**५. तलका भनाई ठिक भए ठिक चिन्ह् (✓) र बेठिक भए बेठिक चिन्ह् (x) चिन्ह लगाउनुहोस् :**

क) लगलगे ओखलढुङ्गा जिल्लामा पर्छ ।

ख)लगलगे क्षेत्रको माथि एउटा भ्यूटावर छ ।

ग) सेतिदेवी मन्दिरमा हरिवोधनी एकादशीमा ठुलो मेला लाग्छ ।

घ) लगलगे क्षेत्रमा धेरै जसो मगर जातिका मानिसहरू बसोबास गर्दछन् ।

ङ) यस क्षेत्रको बनजङ्गल जडीबुटीहरू पनि पाइन्छ ।

**७. लगलगेको बारेमा लेखिएको पाठ अध्ययन गरि आफुले घर भएको ठाउँको बारेमा लेख्नुहोस् ।**

**८. तपाईंलाई कस्तो ठाउँमा वनभोज खाने इच्छा छ । १० वाक्यमा लेख्नुहोस् ।**

**९. परियोजना कार्य:**

क) चित्र बनाउनुहोस् ।

अ. मन्दिर    आ. पहाड    इ. जंगल

ख तपाईंको विद्यालय नजिकैको एउटा रमणीय क्षेत्रको बारेमा साथीसँग छलफल गर्नुहोस् ।

ग) विद्यालय विदाको दिन आाफ्नो अभिभाबकलाई लिएर लगलगे घुम्न जानुहोस् । लगलगेमामा देखेजानेका तथा अनुभव गरेका पक्षहरू कक्षामा साथीहरूलाइ सुनाउनुहोस् ।

# पाठ १६

# राडीपाखी

## १. तलको चित्र हेर्नुहोस् र छलफल गर्नुहोस् ।



## २. तलका प्रश्नहरूबारे कक्षामा छलफल गर्नुहोस् ।

क) माथिको चित्रमा देखाईएका जनावरहरू पहिचाहन गर्नुहोस ।

ख) तपाईंले भेडा देख्नु भएको छ ?

ग) तपाईंको घरमा भेडाको ऊनबाट बनेको ओछ्याउने राडी छ ?

## ३. शिक्षक सँगै तलको गीत गाउनुहोस र दिइएका क्रियाकलाप गर्नुहोस् ।



बाबु आए भेडाको ऊन लिएर
आमालाई दिए, धोई सफा गरेर

राँटामा ऊनको धागो कातेर
चर्खा घुमाई घुमाई धागो बाटेर



मेरी आमा राडी बुन्छिन तान लाएर
बाबुले राडी माड्छन् सफा पारेर

हाम्रो सीप हेर्न आऊ रुम्जाटार

राडीपाखी लैजाऊ हाम्रो उपहार










## ४.कक्षाका सबै साथीहरू मिलेर राडीपाखी गीत लय हालेर गाउनुहोस् ।

## ५. पाठ पढेर तल दिइएका प्रश्नहरूको उत्तर लेख्नुहोस् ।

क) भेडाको ऊनबाट के बन्छ ?

ख) राडी कुन ठाउँमा बनाइन्छ ?

ग) ऊन, धागो कात्ने औजारहरूको नाम के हो ?

घ) राडी के मा बुनिन्छ ?

ङ) गीतका अनुसार, आमा के बुन्छिन् ?

## ६. तल दिइएका चित्रहरू हेरी नाम लेख्नुहोस्









**७. तल दिएका क समुहका शदहरूको अध्ययन गरी ख समुहमा रहेका वस्तुहरूपत्ता लगाई जोडा मिलाउनुहोस् ।**

| **समुह क** | **समुह ख** |
| --- | --- |
| राडी |  |
| भेडा |  |
| |  |
| चर्खा |  |
| ऊन/धागो | |
| तान |   |

**८. राडीपाखी गीतबाट कापीमा राम्रा अक्षरमा १० वटा शब्द लेख्नुहोस् :**

**९. शिक्षकले आफ्नो वडा भित्रका कुनै एक पेशा व्यवसाय, सीप देखिने कार्यको भिडियो विद्यार्थीलाई देखाउनुहोस् र वर्णन गर्न लगाउनुहोस् ।**

## १३. परियोजना कार्य

शिक्षकले कुनै स्थानीयस्तरको पर्यटकीय स्थलको भिडियो विद्यार्थीलाई देखाउनुहोस् र वर्णन गर्न लगाउनुहोस् ।

क) शिक्षकले आफ्नो वडा भित्रका कुनै एक पेशा व्यवसाय, सीप देखिने कार्यको लागि विद्यार्थीलाई भ्रमण कार्य गरी देखाउनुहोस् र वर्णन गर्न लगाउनुहोस् ।